# हाम्रो बिश्रामपुर

## आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम

## २०८१

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७८

**बिश्रामपुर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बिश्रामपुर, बारा**

**मधेश प्रदेश**

Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

**पुस्तक:** स्थानीय पाठ्यक्रम (कक्षा १-८)

**प्रकाशक:** बिश्रामपुर गाउँ कार्यपालिकाको कार्यालय, बिश्रामपुर, बारा, मधेस प्रदेश ।

**प्रमुख संरक्षक :** श्री जुल्फकार अलि भुटो (अध्यक्ष-बिश्रामपुर गाउँपालिका)

**संरक्षक :** प्रियंका देवी (उपाध्यक्ष-बिश्रामपुर गाउँपालिका)

**संरक्षक :** राकेश ओझा (प्रमुख प्रशासकिय अधिकृत-बिश्रामपुर गाउँपालिका)

**पाठ्यक्रम निर्माण समिति :**

१. प्रधानाध्यापक प्रतिनिधि : दिपेन्द्र साह स्वर्णकार

२. शिक्षक प्रतिनिधी : आनन्द प्रसाद गुप्ता

३. विव्यस प्रतिनिधि : कृष्णा प्रसाद साह

४. शिअसं प्रतिनिधि : ..................................

५. शिक्षा समिति प्रतिनिधि : विजय पंडित

**समन्वय, सहजीकरण तथा परामर्श :**

महेश रिमाल - शिक्षा अधिकृत

पुष्पा पंडित - शिक्षा अधिकृत

**सल्लाहकार :** शिक्षा विकास तथा समन्वय इकाइ, बारा

**प्राविधिक सहयोग :** रोजगार तथा सिप विकास तालिम केन्द्र प्रा.लि. वीरगंज, पर्सा

**स्थानीय पाठ्यक्रम निर्माण तथा विषय विज्ञ :** भरत सहनी

**ले आउट डिजाइन :** सुबोध कुमार चौरसिया (सूचना तथा संचार प्रविधि अधिकृत)

Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४



# शुभकामना


नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरुमा कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ । सोही अनुसार बिश्रामपुर गाउँपालिकाको आ.व.२०८१/८२ को नीति तथा कार्यक्रममा स्थानीय पाठ्यक्रम निर्माण गरी बिश्रामपुर गाउँपालिका क्षेत्रका विद्यालयमा कक्षा १ देखी ८ सम्म लागू गर्ने नीति लिए अनुसार यो पाठ्यक्रम तयार गरिएको हो । यस स्थानीय पाठ्यक्रमले गाउँपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई उजागर गरेको गर्नेछ । यसबाट बालबालिकाले औपचारिक रुपमा आफ्नो ठाउँ, आफ्नो ठाउँको कृषि, पशुपंक्षी पालन, उद्योग तथा व्यापार-व्यवसाय, ऐतिहासिक धार्मिक साथै साँस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान सहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् । साथै यस पाठ्यक्रमले बालबालिकाहरुलाई गाउँपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सीप समेत हासिल गराउनेछ । परम्परागत पेशा र व्यवसाय र स्थानीय प्रविधि तथा परम्परागत सामग्रीहरुलाई समेत यस पाठ्यक्रमले संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुर्याउनेछ । स्थानीय कला, कौशल, भाषा, भेषभूषा, संस्कृति र असर आचरण समेत विकास गरी बालबालिकाहरुलाई असल एवम् सक्षम नागरिक बन्न यस पाठ्यक्रमले सघाउ पुर्याउनेछ भने विश्वास लिइएको छ। यो पाठ्यक्रम २०८२ सालको शैक्षिक सत्रदेखि कक्षा १ देखी ८ सम्म लागू गरिनेछ ।

यस पाठ्यक्रम निर्माण तथा प्रकाशनमा सहयोग गर्नु हुने पाठ्यक्रम निर्माण समिति, पाठ्यक्रम विज्ञ, पालिकाक्षेत्रका शिक्षाविद्, स्थानीय बुद्धिजीवी, गाउँपालिकाका कार्यपालिका सदस्यहरु, जनप्रतिनिधीहरु, शिक्षा शाखा, कर्मचारी मित्रहरु, शिक्षक, विद्यार्थी, अभिभावक तथा सरोकारवालाज्यूहरु सबैमा धन्यवाद दिन चाहन्छु । साथै यस पाठ्यक्रमको पूर्ण कार्यान्वयन गर्न सहयोग र सहकार्यको लागि सम्पूर्ण सरोकारवालाज्यूहरुमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

जुल्फकार अलि भुटो
अध्यक्ष
बिश्रामपुर गाउँपालिका, बारा

Scanned with CamScanner



# शुभकामना

स्थानीय आवश्यकता, स्थानीय परिवेश र व्यवहारमुखी पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । जसले स्थानीय ज्ञान, सीप र प्रविधिको विकास, संरक्षण र प्रवर्द्धनमा सहयोग पुर्याउँदछ । त्यस्तै स्थानीय रुपमा निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याँकन लगायत समग्र कार्य स्थानीय परिवेशमै गर्न सकिने प्रावधान राखी तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो, जसले स्थानीय विषयवस्तु, आवश्यकता, रीतिरिवाज, परम्परा र मूल्य मान्यताहरु तथा मौलिक विशेषताहरु विकसित र विश्वव्यापी रुपमा पहिचान गराउन मद्दत गर्दछ ।

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षा संचालन र व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारले शिक्षा सम्बन्धी गर्नुपर्ने कार्यहरु तोकेको छ । स्थानीय तहले आफ्नो स्थानीय परिवेश र आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सक्ने प्रावधान रहेको छ । संविधान प्रदत्त अधिकारको प्रयोग गरी बिश्रामपुर गाउँपालिकाले आफ्नै स्थानीय विषयवस्तुहरु समेटेर स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा पाठ्यक्रम निर्माण समितिलाई विशेष धन्यवाद दिदै सम्पूर्ण जनप्रतिनिधीहरु, शिक्षक, अभिभावक, विद्यार्थी लगायत सरोकारवालाहरुलाई हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । यस प्रक्रियामा शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकका पेसागत संघ संगठन, राजनीतिक व्यक्तित्वहरु, शिक्षाविद्, विज्ञ लगायत सम्वद्ध पक्षहरु सबैको भूमिका महत्वपूर्ण रह्यो । सरोकारवालाहरु सबैको चाँसो तथा निरन्तर प्राप्त भएका सकारात्मक र रचनात्मक सल्लाह सुझावहरु पाठ्यक्रम निर्माणका लागि उपयुक्त मार्गनिर्देशक बन्न पुगेका छन् । यो पाठ्यक्रमको सफल कार्यान्वयनमा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागिताको उत्तिकै आवश्यकता रहन्छ । राष्ट्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता र औचित्यका आधारमा भौगोलिक परिवेश र वातावरण अनुसार गाउँपालिकाको परिचय, उद्यमशिलता र प्रविधि, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु, व्यक्तित्व र संस्थाको परिचय, हाम्रो पहिचान, कला, संस्कार र संस्कृति, सरसफाई र स्वास्थ्य तथा प्राकृतिक स्रोत साधन, वातावरण र प्रकोप जस्ता क्षेत्र र क्रम समेटिएकोले सान्दर्भिक छ । यसको सफल कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

प्रियंका देवी
.................................
प्रियंका देवी
उपाध्यक्ष
बिश्रामपुर गाउँपालिका, बारा

Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४



# भनाई

विद्यालय भित्र र बाहिर संचालन गरिने बृहत शैक्षिक योजना पाठ्यक्रम हो । देशमा आवश्यक हुने जनशक्ति विकास गर्न र असल नागरिक तयार गर्ने हेतुले संचालन गर्ने शैक्षिक प्रणालीको मेरुदण्ड पाठ्यक्रम हो । पाठ्यक्रम के, कति र कसरी सिकाउने, सिके नसिकेको कसरी थाहा पाउने भन्ने विषय र प्रक्रिया निर्धारित गरिएको हुन्छ, जसले राष्ट्रव्यापी शिक्षा प्रक्रियामा एकरुपमा ल्याउँदै नेपालको संविधान अनुसार शिक्षा संचालन र व्यवस्थापनमा तीनै तहका सरकारको साझा जिम्मेवारी तोकिएकोमा आधारभूत र माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहलाई तोकिएको छ ।

राष्ट्रिय पाठ्यक्रम तर्जुमा र विकास गर्ने केन्द्रिय भूमिका पाठ्यक्रम विकास केन्द्रको हो । पाठ्यक्रम विकास केन्द्रले तय गरेका विषय, पूर्णाङ्क र पाठ्यभार अनुसार देशको शैक्षिक प्रणाली संचालन भइरहेको छ । राष्ट्रिय पाठ्यक्रमले राखेका प्रावधान अनुसार १०० पूर्णाङ्कको एउटा विषय मातृभाषा वा स्थानीय विषयवस्तुमा आधारित विषय रहने प्रावधान छ ।

बिश्रामपुर गाउँपालिकाले यस आ.व.२०८१/८२ मा स्थानीय पाठ्यक्रम तयार गर्ने नीति तथा कार्यक्रम अनुसार यो **"हाम्रो बिश्रामपुर आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम २०८१"** तयार भएको छ । पाठ्यक्रमको प्रावधान र मर्म अनुसार निर्माण भएको यस पाठ्यक्रमले स्थानीय आवश्यकताका विषयवस्तु समेटी राष्ट्रिय पाठ्यक्रमलाई पूर्णता प्रदान गरेको छ ।

पाठ्यक्रममा स्थानीयता समेट्ने प्रावधानको महत्व बोध गरी स्थानीय पाठ्यक्रम निर्माण योजना गर्ने बिश्रामपुर गाउँसभा, कार्यपालिका, पाठ्यक्रम निर्माणमा संलग्न निर्माण समिति, कर्मचारी, विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा राय सुझाव दिई सहयोग गर्नुहुने शिक्षाप्रेमी, बुद्धिजीवी सबैलाई धन्यवाद सहित पाठ्यक्रमको एक अंगका रुपमा यस स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा बिश्रामपुर गाउँपालिकाका सबै विद्यालय लागिपर्ने विश्वासका साथ संलग्न सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद ।

..............................

राकेश ओझा
प्रमुख प्रशासकिय अधिकृत
बिश्रामपुर गाउँपालिका, बारा

Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४



# भनाई

आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुले स्थानीय विषयवस्तु तथा परिवेशको बारेमा अध्ययन गर्ने अवसर प्रदान गर्नका लागि नेपाल सरकारले तोकिए अनुसार कक्षा १ देखि ८ सम्मको १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्ने जमर्को गरिएको छ । स्थानीय सरोकारवालाहरु विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, गाउँपालिकाको जनप्रतिनिधिहरु, गाउँपालिका शिक्षा शाखा लगायतको सहभागीतामा स्थानीय पाठ्यक्रम निर्माण कार्याशाला गोष्ठी सहजीकरण तथा मस्यौदा निर्माण रोजगार तथा सिप विकास तालिम केन्द्र प्रा.लि. वीरगंजका पाठ्यक्रम विशेषज्ञ श्री भरत सहनी ज्यूबाट भएको हो । उक्त पाठ्यक्रलाई अझ उद्देश्यमूलक र व्यवहारिक बनाउनका लागि मस्यौदा निर्माणका क्रममा विभिन्न संघ संस्थाका प्रतिनिधि तथा गाउँपालिकास्तरको सरोकारवालाहरुको बैठकबाट प्राप्त पृष्ठपोषणलाई समेत समायोजन गरी मस्यौदालाई अन्तिम रुप दिन सफल भएका छौं ।

यस पाठ्यक्रम निर्माणका क्रममा नियमित रुपमा निर्देशन तथा परामर्श प्रदान गर्ने यस गाउँपालिकाका अध्यक्ष जुल्फकार अलि भुटो, उपाध्यक्ष प्रियंका देवी, प्रमुख प्रशासकिय अधिकृत राकेश ओझा, मस्यौदा निर्माण समितिका सदस्यज्यूहरु, पाठ्यक्रम निर्माण कार्यशाला सञ्चालन तथा लेखन कार्यमा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्न हुने सबैप्रति विशेष धन्यवाद ज्ञापन गदछौं ।

साथै आगामी दिनहरुमा पनि रचनात्मक र सकारात्मक सुझाव सल्लाहको अपेक्षा समेत गर्दछौं ।

धन्यवाद ।

.................................
महेश रिमाल
शिक्षा अधिकृत
बिश्रामपुर गाउँपालिका, बारा

Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

Contents

परिच्छेद १.......................................................................1
स्थानीय विषयको पाठ्यक्रमको परिचय :.......................................................................1
१. परिचय :.......................................................................1
१.१ बिश्रामपुर गाउँपालिकामा स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य :.......................................................................2
१.२ पाठ्यक्रम निर्माणको विधि एवम् प्रक्रिया :.......................................................................3
१.३ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य :.......................................................................4
परिच्छेद २.......................................................................6
तहगत संरचना.......................................................................6
२.१ विद्यालय शिक्षाको तहगत संरचना :.......................................................................6
२.२ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना :.......................................................................6
२.२.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना :.......................................................................6
२.२.२ आधारभूत शिक्षा कक्षा (१-३) को पाठ्यक्रम संरचना :.......................................................................7
२.२.३ आधारभूत शिक्षा कक्षा (४-५) को पाठ्यक्रम संरचना :.......................................................................7
कक्षा १-३ का सक्षमताहरु.......................................................................8
कक्षा ४-५ का सक्षमताहरु.......................................................................9
कक्षा ६-८ का सक्षमताहरु :.......................................................................9
२.४ विषयवस्तुको छनौट.......................................................................10
२.५ बिश्रामपुर गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-३) का विषयक्षेत्र र ढाँचा.......................................................................11
२.६ बिश्रामपुर गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा ४-५) का विषयक्षेत्र र ढाँचा.......................................................................12
२.७ बिश्रामपुर गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा ६-८) का विषयक्षेत्र र ढाँचा:.......................................................................13
२.८ शिक्षण सिकाइ विधि, प्रक्रिया, भाषा तथा समय निर्धारण :.......................................................................14
२.८.१ समय निर्धारण :.......................................................................14
२.८.२ भाषा :.......................................................................14
२.८.३ सिकाइ सहजीकरण प्रक्रिया :.......................................................................14
२.९ कक्षागत सिकाइ उपलब्धि : (कक्षा १ देखी ५).......................................................................15
२.१० कक्षागत सिकाइ उपलब्धी : (कक्षा ६ देखी ८).......................................................................19
परिच्छेद ३.......................................................................23
पाठ्यक्रमको विषय क्षेत्र र क्रम तालिका :.......................................................................23
३.१ कक्षा १ देखि ५ सम्मको पाठ्यक्रमको विषय क्षेत्र र क्रम तालिका :.......................................................................23
३.२ कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रमको विषय क्षेत्र र क्रम तालिका :.......................................................................26
परिच्छेद ४.......................................................................29
विषयवस्तुको विस्तृतीकरण तालिका.......................................................................29
४.१ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : १.......................................................................29
४.२ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : २.......................................................................32

Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

४.३ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : ३ .......... 35

४.४ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : ४ .......... 38

४.५ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : ५ .......... 42

४.६ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : ६ .......... 47

४.७ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : ७ .......... 51

४.८ विषयवस्तुको विस्तृतीकरण तालिका कक्षा : ८ .......... 56

परिच्छेद ५ .......... 61

सिकाइ सहजीकरण योजना .......... 61

५.१ स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ योजना निर्माण .......... 61

५.२ प्रयोगात्मक तथा परियोजना कार्यका केही नमुनाहरू .......... 61

५.३ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया : .......... 63

५.४ सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन .......... 64

परिच्छेद ६ .......... 67

मुल्यांकन .......... 67

६.१ विद्यार्थी मूल्यांकन .......... 67

६.१.१ सिकाइका लागि मूल्यांकन .......... 67

६.१.२ मूल्यांकन विधि र प्रक्रिया .......... 68

६.१.३ मूल्यांकनका तरिका र साधन .......... 69

६.२ निर्माणात्मक मूल्यांकन .......... 70

६.२.१ निर्माणात्मक मूल्यांकनका साधनहरू र प्रयोग .......... 70

६.२.२ आन्तरिक मूल्यांकन .......... 71

६.२.३ अन्तिम परीक्षा .......... 71

६.२.४ विशिष्टीकरण तालिका .......... 72

६.२.५ विशिष्टीकरण तालिका .......... 72

Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

# परिच्छेद १

## स्थानीय विषयको पाठ्यक्रमको परिचय :

### १. परिचय :

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्र भित्र समावेश गरेको छ । शिक्षालाई मौलिक हकका रुपमा व्यवस्था गरि शैक्षिक अधिकारहरुको निक्षेपण र स्थानीयकरण मार्फत बलियो शैक्षिक जग निर्माणको मार्ग प्रशस्त गरेको छ। पन्ध्रौं योजनाले परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको सम्बर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुपले आधारभूत तहमा एक विषयको स्थानीय पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ भने संघीय सरकारले समग्र पाठ्यक्रम तथा परीक्षा सम्बन्धि मापदण्ड, नीति, गुणस्तरका सुचकहरु, मूल्याँकन गर्ने आधारहरु तयार गर्नुपर्ने, प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकारले संघीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी दिगो विकासका लक्ष्यहरु २०३० को सफल कार्यान्वयनका लागि राष्ट्रिय रणनीतिहरुमा समेत स्थानीय क्षमताको ज्ञान, सीप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने उल्लेख गरिएको छ। विगतमा स्थानीय पाठ्यक्रमलाई स्थानीय बोलीचालीको भाषाको रुपमा मात्र बुझिने तथा स्थानीय सरकारहरु शक्तिशाली नभईरहेकाले स्थानीय पाठ्यक्रमको प्रयोग सङ्कुचनमा रहेकोमा नेपालको संविधान जारी भएपश्चात सबल र अधिकार सम्पन्न स्थानीय तहहरुको संबैधानिक व्यवस्थाको कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रमको सान्दर्भिकता, आवश्यक्ता र अपनत्वमा उल्लेखनीय रुपमा अभिबृद्धि भएको छ । विश्वव्यापीकरणले ल्याएका अवसरहरुलाई उपयोग गर्न तथा यसका नकारात्मक पक्षहरुलाई सन्तुलनमा राख्न स्थानीयकरणको रणनीति अत्यावश्यक हुन्छ। यसका लागि स्थानीय पाठ्यक्रम एक महत्वपुर्ण आधार मानिएको छ । स्थानीय ज्ञान, सीप, प्रविधि, संस्कृति र प्रकृतिको संवर्द्धन र सवलिकरणवाट मात्र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई मध्यनजर गरी नेपालले प्राथमिक तहको पाठ्यक्रम २०४९ मार्फत तथा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) ले स्थानीय विषयको अवधारणालाई अगाडी ल्याएको थियो । यद्धपी तत्परता, क्षमता, सोच र अपनत्वको कमीका कारण सो व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको पाइन्छ तसर्थ यस विश्रामपुर गाउँपालिकाले तयार पारेको पाठ्यक्रमले सोहि उद्देश्य परिपूर्ति गर्ने अपेक्षा लिइएको छ।

यसै सन्दर्भमा नेपालको संविधानले अनुसूची ८ मा आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिसकेको छ। संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्को अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था कार्यान्वयन भएन । यसैको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्को मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय वा अन्य स्थानीय विषय वा अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्को स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले विद्यालय



Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

तहको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ। उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रुपमा १६० घण्टी र कक्षा ४-८ को लागि साप्ताहिक ४ पाठ्यभार र वार्षिक पाठ्य घण्टी १२८ निर्धारण गरेको छ। नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ। स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यता, चाहना र उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरि निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो" भनि परिभाषित गरेको छ। त्यसैले, स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरुकै विज्ञता तथा सक्रियतामा यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो। यो स्थानीय पाठ्यक्रमले बिश्रामपुर गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्नेछ। आधारभूत तहको कक्षा १–८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन्। यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् सम्बर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्नेछन्। स्थानीय क्षेत्रमा प्रचलित पेसा, व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन्। यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्नेछ। यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने अपेक्षा लिइएको छ।

यसै सन्दर्भमा बिश्रामपुर गाउँपालिकाले स्थानीय स्तरका शिक्षाविद, बुद्धिजीबी, प्र.अ. शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरु, गाउँपालिकाका सदस्यहरु, पाठ्यक्रम विज्ञ लगायतसँग छलफल गरिएको, पाठ्यक्रम निर्माण गर्न एक मूल समिति र लेखन समिति गठन गरि कार्ययोजना बाँडफाड गरि निर्माण गरिएको, विभिन्न समयमा माथिका सबै सरोकारवाला निकायहरुसंग पटक पटक अन्तरक्रिया तथा छलफल, पाठ्यक्रम निर्माण तथा लेखन सम्बन्धि अभिमुखीकरण कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा बिश्रामपुर गाउँपालिकाको परिचय, प्राकृतिक स्रोत सम्पदा, संस्कार र सांस्कृतिक, पर्यटन, खेलकुद, पेसा प्रविधि र उद्यमशिलता, स्वास्थ्य, सरसफाई, प्रकोप, पर्यावरण, हरित विद्यालय, विभिन्न खाद्यान्न बालिनालिहरु, व्यक्ति र संघ सस्था लगायतका विषयबस्तुहरु समेटेर कक्षा १ देखी ८ सम्मको लागि हाम्रो बिश्रामपुर गाउँपालिका नामक स्थानीय पाठ्यक्रम तयार गरिएको छ र यो पाठ्यक्रम गाउँपालिकाभित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा १-८ सम्म एकैसाथ शैक्षिक सत्र २०८२ देखि लागु हुने गरि यो पाठ्यक्रम तयार गरिएको हो।

## १.१ बिश्रामपुर गाउँपालिकामा स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य :

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा, २०७६ स्वीकृत भइ कार्यान्वयनको क्रममा रहेको छ। एकीकृत पाठ्यक्रम देशभरीमा २०७७ साल देखि लागु भई कार्यान्वयनमा रहेको छ। उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १-३ सम्ममा पाँच ओटा विषय (मेरो गणित, मेरो नेपाली, मेरो अंग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नुपर्ने प्रावधान छ। स्थानीय विषयको निर्माण स्थानीय तहबाटै गर्नुपर्छ। स्थानीय पाठ्यक्रम वा मातृभाषामध्ये एक विषय छनोट गरी स्थानीयबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान छ। बालबालिकाको सिकाइ



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ, समूदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ। स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, सम्बर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकास मार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ। राष्ट्रियस्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सीपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सीप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सीपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवं साँस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने बाञ्छनिय भएकोले र संवैधानिक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले बिश्रामपुर गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ :

क) स्थानीय भोजपुरी भाषा तथा लिपि तथा संस्कृति लगायत ज्ञानको जगेर्ना गर्न ।

ख) स्थानीय स्तरका व्यवसाय, कृषि तथा व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, सम्वर्द्धन गर्न ।

ग) स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सीप, भाषा आदिको संरक्षण र सम्बर्द्धन गर्न ।

घ) स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न, गराउन र संरक्षण गर्न सक्ने तुल्याउन ।

ङ) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

च) स्थानीय तहको ज्ञान, सीप र प्रविधिलाई उजागर गर्न ।

छ) परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुर्याउन ।

ज) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

## १.२ पाठ्यक्रम निर्माणको विधि एवम् प्रक्रिया :

हाम्रो बिश्रामपुर पाठ्यक्रम निर्माण गर्नका लागि ५ सदस्यीय पाठ्यक्रम निर्माण कार्यदल तथा ३ सदस्यीय पाठ्यक्रम लेखन समिति निर्माण गरिएको थियो । सो समितिले पाठ्यक्रमका विषयक्षेत्रहरु निर्धारण गरी सो भित्र रही एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गरी एक वटा लेखन समूहलाई प्राथमिकता क्रममा राखिएका विषयक्षेत्रलाइ विभाजन गरिएको थियो । लेखन समूहले लेखेको दस्तावेजलाई एकीकरण गरी मूर्त रुप दिनको लागि पाठ्यक्रम निर्माणमा प्राविधिक सहयोग गर्नुहुने



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

पाठ्यक्रम विज्ञ भरत सहनी तथा शिक्षा अधिकृतले दस्तावेजीकरण गर्नुभएको थियो भने विभिन्न समयमा स्थानीय सरोकारवाला निकाय, सबै वडामा रहेका बुद्धिजिवीहरु, जेष्ठ नागरिक, पेशाकर्मीहरु, व्यवसायी, राजनीतिकर्मीहरु, विद्यार्थी, शिक्षकहरु, शिक्षाप्रेमीहरु तथा अन्य व्यक्तिहरुसंग बैठक तथा छलफल संचालन गरी रायसुझाव संकलन गरिएको थियो ।

पाठ्यक्रम निर्माणका चरणहरु निम्न बमोजिमका रहेका थिए :

- आवश्यकताको पहिचान
- पाठ्यक्रम निर्माण कार्यदल, लेखन समिति गठन तथा विभिन्न समयमा छलफल बैठक संचालन
- सक्षमता निर्धारण
- विषयबस्तुको छनौट
- विधा र क्षेत्र निर्धारण
- विषयबस्तुको विस्तृतीकरण
- शिक्षणको माध्यम
- शिक्षण सिकाइ प्रक्रिया
- समय निर्धारण
- सिकाइ मुल्यांकन
- अनुसुचिहरु

यी समग्र प्रक्रियाहरुमा निरन्तर रुपमा विज्ञहरु, अनुसन्धानका प्राप्तिहरू, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा, युवा तथा खेलकुद शाखा बिश्रामपुर गाउँपालिकाबाट प्रकाशित आधिकारिक दस्तावेजहरु र सरोकारवालाहरुका राय तथा सुझावहरु लिई स्थानीय पाठ्यक्रम निर्माण गरिएको थियो ।

## १.३ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य :

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुनेछन् :

क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान, नैतिकवान एवम् जिम्मेवार नागरिक तयार गर्ने,

ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सीपयुक्त नागरिक तयार गर्ने,

घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने,

ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,



Scanned with CamScanner

छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

ज) वैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णुता र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने,

ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने,

ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।



Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

# परिच्छेद २

## तहगत संरचना

### २.१ विद्यालय शिक्षाको तहगत संरचना :

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत गरी तीन धारको हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यवसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यवहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ ।

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ बर्ष | |
| आधारभूत तह | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ बर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ बर्षसम्म | तह ३ |
| माध्यमिक तह | कक्षा ९-१० | १३ देखि १४ बर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ बर्षसम्म | तह ५ |

### २.२ विद्यालय शिक्षाको पाठ्यक्रम संरचना :

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छ :

#### २.२.१ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना :

| क्र.सं. | सीपका क्षेत्रहरु | सीपहरु | वार्षिक समय |
|---|---|---|---|
| १. | आधारभूत सीप सिकाइका क्षेत्रहरु | क) शारीरिक सीप<br>ख) सम्वेगात्मक सीप<br>ग) सामाजिक, साँस्कृतिक र नैतिक सीप<br>घ) बौद्धिक तथा मानसिक सीप<br>ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सीप<br>च) सिर्जनात्मक सीप | ३८४ |
| २. | विषयगत सीप सिकाइका क्षेत्र | छ) भाषिक सीप<br>ज) पूर्वगणितीय सीप<br>झ) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>ञ) वरपरको वातावरण<br>ट) सामाजिक सीप | १९२ |
| | जम्मा | | ५७६ |



Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

*(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)*

### २.२.२ आधारभूत शिक्षा कक्षा (१-३) को पाठ्यक्रम संरचना :

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सीप विकास सम्बन्धि क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सीप विकास सम्बन्धि क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सीप विकास सम्बन्धि क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धि क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५. | मातृभाषिक सीप/स्थानीय विषयवस्तु सम्बन्धि क्रियाकलाप | ५ | १६० |
| | **जम्मा** | २६ | ८३२ |

पठनपाठन संचालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधीलाई १ पाठ्यघण्टा (Credit Hour) मानिएको छ ।

### २.२.३ आधारभूत शिक्षा कक्षा (४-५) को पाठ्यक्रम संरचना :

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | **जम्मा** | ३२ | १०२४ |

### २.३ आधारभूत शिक्षाका तहगत सक्षमता

#### २.३.१ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता : (राष्ट्रिय पाठ्यक्रम अनुसार)

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरु आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुनेछन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरु निम्नबमोजिम हुनेछन् ।



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

क) देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,
ख) भाषिक तथा संचार सीपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
ग) सूचना र विचारहरुको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको सम्मुचित प्रयोग,
घ) तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग,
ङ) वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
च) मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता,
छ) जनसंख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्ध बोध र व्यवस्थापनमा सहयोग,
ज) शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीप (Life Skills) को विकास,
झ) स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल (Soft Skills) को प्रयोग,
ञ) नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
ट) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,
ठ) दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरुको पहिचान, विश्लेषण तथा समाधान।

२.३.२ आधारभूत शिक्षा (कक्षा १-८) का तहगत सक्षमता : (स्थानीय पाठ्यक्रम अन्तर्गत)
आधारभूत शिक्षा (कक्षा १-८) को उद्देश्य बालबालिकालाई आधारभूत साक्षरता, गणितीय ज्ञान तथा सीप र जीवनोपयोगी सीपहरुका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नु हो। आधारभूत शिक्षाको माध्यमबाट बालबालिकाहरु आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित र सचेत हुनेछन्। यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचीलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकास गरिएको छ। आधारभूत शिक्षा (कक्षा १-८) का सक्षमता देहाय बमोजिम हुनेछन् :

**तहगत सक्षमताहरू**

**कक्षा १-३ का सक्षमताहरु**

- स्थानीय भाषामा आधारभूत भाषिक तथा सञ्चार सीपको विकास र प्रयोग
- स्थानीय भाषामा आधारभूत गणितीय अवधारणा र सीपको विकास र प्रयोग
- स्थानीय भाषाको लिपि प्रयोग र आधारभूत ज्ञान
- अनुशासन, सदाचार र स्वावलम्वन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास
- स्थानीय विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, व्यवहारकुशल सीप (Soft Skill) र जीवनोपयोगी सीपको विकास
- स्थानीय कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास
- स्थानीय परिवेशसँग परिचित भई गाउँपालिकाको विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास



Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

**कक्षा ४-५ का सक्षमताहरु**

- बिश्रामपुर गाउँपालिकाको परिचय र आफ्नो वरपरको भौगोलिक, राजनैतिक र प्राकृतिक स्वरूपको जानकारी र नक्साङ्कन,
- प्राकृतिक प्रकोप र यसको व्यवस्थापनका उपायहरु,
- बिश्रामपुर गाउँपालिकाको वरपरका वस्तु, घटना तथा मौसमप्रति सचेतता,
- बिश्रामपुर गाउँपालिकाका ऐतिहासिक स्थल, मठमन्दिर, गुम्बा, तथा विद्यालयहरुको परिचय, महत्व र संरक्षणका उपायहरु,
- बिश्रामपुर गाउँपालिकाका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको परिचय र योगदान,
- बिश्रामपुर गाउँपालिकाको ऐतिहासिक उद्योगहरु (घरेलु, मझौला तथा ठुला) को परिचय, योगदान र संरक्षण,
- बिश्रामपुर गाउँपालिकाको सामाजिक, सांस्कृतिक गतिविधिहरूको पहिचान, सम्मान र सहभागिता,
- बिश्रामपुर गाउँपालिकामा भएका सार्वजनिक सम्पत्ति र प्राकृतिक सम्पदाको संरक्षण र प्रयोग,
- बिश्रामपुर गाउँपालिकाका मौलिक जातजाति, रहनसहन, भेषभूषा, संस्कृति, रीतिरिवाज, परम्परा र परिकार,
- बिश्रामपुर गाउँपालिकाका मौलिक पर्व, कला, गीतसंगीत, उत्सव महोत्सव,
- बिश्रामपुर गाउँपालिकाका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरु,
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन,
- बिश्रामपुर गाउँपालिका क्षेत्र भित्रको ज्ञान, सीप र प्रविधिलाई उजागर,
- बिश्रामपुर गाउँपालिका भित्र रहेका परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, संवर्द्धन र विकास गर्न सहयोग ।

**कक्षा ६-८ का सक्षमताहरु :**

- बिश्रामपुर गाउँपालिकाको अवस्था विश्लेषण, गाउँपालिकाले गरेका, गरिरहेका, गर्नुपर्ने कामहरुको परिचय र नक्शाँकन,
- बिश्रामपुर गाउँपालिकाभित्रको स्रोत र साधनको अधिकतम परिचालन,
- बिश्रामपुर गाउँपालिकामा अपनाइने पेसा, उद्यमशिलता र प्रविधिको प्रवर्तनात्मक उपयोग,
- बिश्रामपुर गाउँपालिकामा गरिने योग, प्राणायाम, ध्यान, सरसफाई, भोजन, व्यायाम, स्थानीय खेलहरुको परिचय र अभ्यास,
- बिश्रामपुर गाउँपालिकामा हुनसक्ने प्रकोप (आगजनी, भूकम्प, सितलहर, बाढी, चट्याङ, हावाहुरी, सर्पदंश) र वातावरणको संरक्षणप्रति सजक र हरित विद्यालय अवधारणाको अवलम्बन,
- बिश्रामपुर गाउँपालिकाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने महत्वपूर्ण व्यक्ति र संस्थाहरुको परिचय,
- बिश्रामपुर गाउँपालिकाको स्थानीय जीवजन्तुहरुको पहिचान, महत्व र संरक्षणका उपायहरु,
- बिश्रामपुर गाउँपालिकाको स्थानीय सार्वजनिक सेवाहरुको पहिचान तथा उपयोग,
- बिश्रामपुर गाउँपालिकामा आ-आफ्नो संस्कार र संस्कृति सहितको आचरण, दायित्व र अनुशासनसँग परिचित हुँदै सो अनुरुपको व्यवहार अवलम्बन गर्ने,
- बचतसँग परिचित हुँदै सहकारीमा बचत गर्ने बानीको विकास/अवलम्बन,
- बिश्रामपुर गाउँपालिकामा पाइने स्थानीय प्रविधिसँग परिचित हुँदै यसको प्रयोग र संरक्षण गर्न



Scanned with CamScanner

- बिश्रामपुर गाउँपालिका क्षेत्रमा भएका वृत्तिको पहिचान, तयारी, छनौट र अवसरको बारेमा जानकारी ।

२.३.३ आधारभूत तह (कक्षा १-८) को अन्त्यमा विद्यार्थीहरु निम्न कार्य गर्न सक्षम हुनेछन् :

- स्थानीय भोजपुरी भाषा तथा लिपि प्रयोग गर्न,
- बिश्रामपुर गाउँपालिकाको परिचय, सिमाना, क्षेत्रफल, ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थिति बताउन र गाउँपालिकाको नक्सा बनाउन,
- बिश्रामपुर गाउँपालिकामा रहेका विभिन्न कार्यालयहरू, संघ संस्थाहरू, विद्यालयहरूको परिचय दिन,
- तरकारी तथा फलफूल खेतीका लागि करेसाबारीको प्रयोग र तरकारी तथा फलफूलको वर्गीकरण गर्न र नियमित रुपमा प्रयोग गर्न,
- तरकारी तथा फलफूल खेती गर्दा प्रयोग हुने घरायसी तथा आधुनिक औजारको बारेमा जानकारी लिन तथा सामान्य प्रयोग गर्न,
- तरकारी तथा फलफूल खेतीको संरक्षण गर्ने तरिका बताउन र अवलम्बन गर्न,
- तरकारी तथा फलफूलमा लाग्ने रोग पहिचान गर्न र त्यसको उपचारको जानकारी लिई स्थानीय जैविक रसादिको प्रयोगमा जोड दिन,
- तरकारी तथा फलफूल खेतीको महत्व तथा उपयोगको बारेमा जानकारी दिन,
- रासायनिक मल भन्दा कम्पोष्ट मलको प्रयोगमा तथा बिषादीको सट्टामा स्थानीय जैविक रसादिको प्रयोगबारे सचेतना जगाउन,
- पशुपालनको महत्व तथा त्यसमा लाग्ने रोग र त्यसको सामान्य रोकथामबारे बताउन र सचेत हुन,
- आफ्नो धर्म, जात, भाषा, संस्कृति, परम्परा र चालचलनसंग परिचित भई त्यसको संरक्षण र संवर्द्धन गर्न,
- स्थानीय तहभित्र मनाइने विभिन्न चाडपर्वहरूसँग परिचित भई सरिक हुन,
- समाजमा रहेका विभिन्न विकृति विसंङ्गतिहरूबाट टाढा रहन,
- स्थानीय मौलिकता तथा स्थानीय उत्पादनहरूको पहिचान गरी त्यसको संरक्षण तथा सम्बर्द्धन गर्न,
- बिश्रामपुर गाउँपालिकाभित्र रहेका पुरातात्विक सम्पदाको पहिचान र संरक्षण गर्ने उपाय बताउन,
- स्थानीय प्राकृतिक प्रकोपबारे जानकार भई त्यसबाट बच्ने उपायहरूको खोजी गर्न,
- बिश्रामपुर गाउँपालिकाभित्र पाइने जडिबुटी, जीवजन्तु र चराचुरुङ्गीहरुको संरक्षण तथा सम्बर्द्धन गर्न,
- बिश्रामपुर गाउँपालिका क्षेत्रमा भएका वृत्तिको पहिचान, तयारी, छनौट र अवसरको बारेमा जानकारी भई आफ्नो रुची, खुबी र क्षमता अनुसारको पेशा छनौट गर्न अग्रसर हुने ।

## २.४ विषयवस्तुको छनौट

क) स्थानीय भोजपुरी भाषा तथा लिपि पहिचान,

ख) स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी र पशुपंक्षीहरू, प्रदुषण, फोहोरमैला व्यवस्थापन, उर्जा, जलवायु परिवर्तन, वृत्ति मार्गदर्शन,

ग) यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, पोखरी र खनीज पदार्थ,



Scanned with CamScanner

घ) भूकम्प, बाढी, आगजनी, चट्याङ, हुरी, बतास, सीतलहर, लु र सडक दुर्घटना,
ङ) स्थानीय स्तरमा प्रचलित भाषा, चाडपर्व, धर्मसंस्कृति, रीतिरिवाज र भेषभुषा,
च) यस क्षेत्रमा रहेका मठ, मन्दिर, मस्जिद र अन्य धार्मिक सम्पदाहरू,
छ) सामाजिक मूल्यमान्यता र सकारात्मक व्यवहार,
ज) स्थानीय क्षेत्रमा प्रचलित पेसा, कृषि व्यापार, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी खेती, हस्तकला, स्थानीय प्रविधि, आदि),
झ) स्थानीय क्षेत्रमा परम्परागत रुपमा खेलिने खेलहरु र योग व्यायामहरु,
ञ) यस क्षेत्रको विकास तथा पहिचानमा सहयोग पुर्याउने महत्वपुर्ण व्यक्तित्वहरु,
ट) स्थानीय तहको भौगोलिक तथा प्रशासनिक संरचना ।

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

## २.५ बिश्रामपुर गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-३) का विषयक्षेत्र र ढाँचा

| क्र.सं. | विधा र क्षेत्र | पाठ संख्या | जम्मा वार्षिक पाठ्य घन्टी | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १ | **स्थानिय भोजपुरी भाषा :** (भोजपुरी भाषा तथा लिपिमा स्वर वर्ण, व्यन्जन वर्ण चिनारी तथा शब्द निर्माण, भोजपुरी भाषामा लघु कथा अध्ययन, अंक चिनारी) | ७ | २० | १० | ३० |
| २ | **बिश्रामपुर गाउँपालिकाको परिचय :** १. इतिहास, भौगोलिक र राजनैतिक विभाजन, नक्सा, क्षेत्रफल वडा विभाजन, स्थानीयस्तरमा बोलिने भाषा, जातजातिगत अवस्था, संस्कृति र जनसंख्या २. बिश्रामपुर गाउँपालिकाले सेवाग्राहीलाई प्रदान गरिने सबै खाले सेवाहरुको बारेमा जानकारी | २ | १० | १० | २० |
| ३ | **बिश्रामपुर गाउँपालिकाको सम्पदा, कला संस्कृति र रीतिरिवाज :** (प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदाहरु, मन्दिरहरु, मस्जिदहरु, आश्रमहरु, एतिहासिक स्थलहरू, नदीहरु, तालहरु, पोखरी, भोजपुरी कला तथा संस्कृति, आदि) | ५ | १५ | १० | २५ |
| ४ | **बिश्रामपुर गाउँपालिकाभित्र गरिने तरकारी तथा फलफुल खेती :** (तरकारी तथा फलफुल खेती, खेती गरिने औजार, बालीनालीको संरक्षण, बालीनालीमा लाग्ने रोग तथा रोकथाम, तरकारी तथा फलफूलको महत्व, पालिका भित्रका कृषि पेशा तथा अन्य आयमुलक व्यापारहरू) | ४ | १५ | १० | २५ |
| ५ | **पशुपंक्षी पालन** : (गाई भैंसीपालन, कुखुरा हाँस पालन, खाना तथा हेरचाह) | ३ | ८ | ७ | १५ |
| ६ | **यातायात, भौतिक पूर्वाधार र ट्राफिक नियम :** (राष्ट्रिय राजमार्ग, शाखा मार्ग, पदमार्गहरुको परिचय, महत्व र ट्राफिक नियम, सडक नियम प्रयोग विधि र सुरक्षा) | २ | ५ | ५ | १० |
| ७ | **बिश्रामपुर गाउँपालिकाको स्थानीय प्रविधि र विकास** : ( ढिकी जाँतो, हलो, गल, कोदालो, गुन्द्री, माटोका भाँडाहरू, स्थानीय मौलिकताहरु, परम्परागत हस्तकला, काष्ठकला) | ४ | १० | १० | २० |



Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | **स्थानीय प्राकृतिक प्रकोप, स्वास्थ्य तथा वातावरण सम्बन्धि चेतना :** स्थानीय प्राकृतिक प्रकोप (बाढी, भूक्षय, सितलहर, लु, आगलागी, हावाहुरी, भूकम्प, चट्याङ), सरसफाई (व्यक्तिगत) वातावरण संरक्षण । | ३ | ७ | ८ | १५ |
| | **जम्मा** | ३० | ९० | ७० | १६० |

२.६ बिश्रामपुर गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा ४-५) का विषयक्षेत्र र ढाँचा

| क्र.सं. | विधा र क्षेत्र | पाठ संख्या | जम्मा वार्षिक पाठ्य घन्टी | | |
|---|---|---|---|---|---|
| | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा |
| १ | **बिश्रामपुर गाउँपालिकाको परिचय :**<br>१. इतिहास, भौगोलिक र राजनैतिक विभाजन, नक्सा, क्षेत्रफल वडा विभाजन, स्थानीयस्तरमा बोलिने भाषा, जातजातिगत अवस्था, संस्कृति र जनसंख्या<br>२. बिश्रामपुर गाउँपालिका क्षेत्रले सेवाग्राहीलाई प्रदान गरिने सबै खाले सेवाहरुको बारेमा जानकारी | ४ | १५ | ५ | २० |
| २ | **स्थानीय सम्पदा, कला संस्कृति र रीतिरिवाज :** ( प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदाहरु, मन्दिरहरु, आश्रमहरु, ऐतिहासिक स्थलहरू, नदीहरु, तालहरु, पोखरी, भोजपुरी कला आदि) | ५ | १० | १० | २० |
| ३ | **तरकारी, खाद्यबाली तथा फलफूल खेती :** (तरकारी, खाद्यबाली तथा फलफूल खेती, खेती गरिने औजार, बालीनालीको संरक्षण, बालीनालीमा लाग्ने रोग तथा रोकथाम, तरकारी तथा फलफूलको महत्व, पालिका भित्रका कृषि पेशा तथा अन्य आयमुलक व्यापारहरू) | ४ | १५ | १० | २५ |
| ४ | **पशुपंक्षी पालन** (गाई, भैंसीपालन, कुखुरा हाँस पालन, खाना तथा हेरचाह) | २ | १० | ५ | १५ |
| ५ | **यातायात, भौतिक पूर्वाधार र ट्राफिक नियम :** ( भौतिक पूर्वाधार, यातायातका साधनहरु, राष्ट्रिय राजमार्ग, शाखा मार्ग, पदमार्गहरुको परिचय, महत्व र ट्राफिक नियम सडक नियम प्रयोग विधि र सुरक्षा) | ३ | ५ | ५ | १० |
| ६ | **स्थानीय प्रविधि र विकास :** (ढिकी जाँतो, हलो, कुटो, कोदालो, गुन्द्री, तान, चुँदारो, पानी घट्टा), माटाका भाडाहरू, स्थानीय मौलिकताहरु, परम्परागत हस्तकला, काष्ठकला) | ४ | १२ | ६ | १८ |
| ६. स्थानीय प्रविधि र विकास | ▪ स्थानीय मौलिक प्रविधिहरुसँग परिचित हुन,<br>▪ आधुनिक प्रविधिको विकासमा स्थानीय मौलिक प्रविधिहरुको महत्व चर्चा गर्न,<br>▪ बेतबाँस चोयाबाट सामाग्री बनाउने तरिका अभ्यास गर्न,<br>▪ परालबाट सामाग्री बनाउने तरिका अभ्यास गर्न,<br>▪ स्थानीय प्रविधिका आधारमा निर्माण खानेकुरा र उपयोगमा सहभागी हुन । | ▪ परम्परागत पेसा, व्यवसाय र प्रविधिको परिचय तथा महत्व,<br>▪ स्थानीय परम्परागत हस्तकलाका सामाग्रीहरु,<br>▪ गाउँपालिकामा स्थानीय प्रविधि र विकासका अवसर र चुनौती,<br>▪ स्थानीय प्रविधि र विकासका लागि पालिकाको योजना । | ▪ आफ्नो घर वरपर भएका स्थानीय प्रविधिका सम्बन्धमा बताउन लगाउने,<br>▪ स्थानीय प्रविधिका चित्र वा वास्तविक वस्तु वा स्थल एक एक गरी देखाउने र चिन्न लगाउने ।<br>▪ यी प्रविधिहरुको संरक्षणका लागि गर्न सकिने कार्यहरुका सम्बन्धमा अन्तरक्रिया गर्ने,<br>▪ गाउँपालिकामा स्थानीय प्रविधि र विकासका अवसर र चुनौती बारे बताउने । | ▪ स्थानीय प्रविधिको महत्व लेख्न लगाउने,<br>▪ खोज तथा परियोजना कार्यको मूल्याँकन गरेर ।<br>▪ स्थानीय प्रविधिको संरक्षणको आवश्यकता छलफल गर्ने । | २० |
| ७. प्राकृतिक प्रकोप, स्वास्थ्य सम्बन्धि चेतना | ▪ स्थानीय प्राकृतिक प्रकोपहरु पहिचान गर्न,<br>▪ विपद् जोखिम न्यूनिकरणको परिचय दिन,<br>▪ विपद् पूर्व अपनाइने सजगताको जानकारी दिन । | ▪ स्थानीयस्तरमा हुने विपद् व्यवस्थापन कार्य र विभिन्न सरोकारवालाको भूमिका,<br>▪ पालिकास्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरु,<br>▪ विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका, | ▪ स्थानीयस्तरमा हुने विपद् व्यवस्थापन कार्य र विभिन्न सरोकारवालाको भूमिका बारे बताउन,<br>▪ विपद् जोखिम न्यूनिकरणको परिचय दिने,<br>▪ विपद् व्यवस्थापनमा रेडक्रस, वडा र गाउँपालिकाको भूमिका बारे समूह कार्य गराउने । | ▪ विपद् व्यवस्थापन भनेको के हो ?<br>▪ विपद् व्यवस्थापनमा रेडक्रस, वडा र गाउँपालिकाको भूमिका बारे लेख । | १० |

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४



Scanned with CamScanner

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मुल्यांकन | कार्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरु । | | | |
| ८. स्थानीय जडिबुटी, योग तथा उपचार पद्धती | ▪ स्थानीय जडिबुटीको पहिचान र महत्व,<br>▪ स्थानीय जडिबुटी र उपचार पद्धती (कुनै २ वटा),<br>▪ योग साधनाको परिचय तथा महत्व,<br>▪ केही योग अभ्यास र सोको फाईदा । | ▪ स्थानीय जडिबुटीको पहिचान र महत्व,<br>▪ स्थानीय जडिबुटी, उपचार पद्धती र सहभागिता,<br>▪ योग साधनाको परिचय तथा महत्व, योग अभ्यास र फाइदा,<br>▪ जडिबुटी संरक्षण र योग अभ्यास र नागरिकको भूमिका । | ▪ स्थानीय जडिबुटीहरुलाई विभिन्न तरिकाले चिनाउने,<br>▪ योग साधनाको परिचय तथा महत्व, योग अभ्यास गराउने,<br>▪ जडिबुटी संरक्षण र योग अभ्यास र नागरिकको भूमिका बारे छलफल गर्ने । | ▪ जडिबुटीको बोट वा भाग देखाएर नाम भन्न लगाएर,<br>▪ वरपर पाइने जडिबुटीको सामान्य परिचय दिन लगाउने,<br>▪ योग अभ्यास गर्न लगाउने । | १० |
| ९. पालिका क्षेत्रमा उपलब्ध आधुनिक सुचना प्रविधि र संचार | ▪ आधुनिक सुचना प्रविधि तथा संचारको परिचय तथा महत्व,<br>▪ स्थानीय रुपमा उपलब्ध केही सुचना प्रविधि तथा संचारका साधनहरुको फाइदा तथा बेफाइदाहरु,<br>▪ रेडियो तथा टेलिभिजनको महत्व,<br>▪ कम्प्युटर प्रविधि यसको स्थानीय रुपमा फाइदा । | ▪ आधुनिक सुचना प्रविधि तथा संचारको परिचय, महत्व तथा उपयोगिता,<br>▪ स्थानीय रुपमा उपलब्ध केही सुचना प्रविधि तथा संचारका साधनहरुको फाइदा तथा बेफाइदाहरु,<br>▪ एम एम रेडियो, टेलिभिजनको महत्व,<br>▪ कम्प्युटर प्रविधि, इन्टरनेट, वेभ साइट र यसको स्थानीय रुपमा फाइदा,<br>▪ साइबर सुरक्षा र साइबर आक्रमणको रोकथामका उपायहरु । | ▪ स्थानीय रुपमा उपलब्ध केही सुचना प्रविधि तथा संचारका फाइदा तथा बेफाइदा के के हुन? छलफल गराउने,<br>▪ एम एम रेडियो, टेलिभिजनको महत्व, कम्प्युटर प्रविधि, इन्टरनेट, वेभ साइट र यसको स्थानीय रुपमा हुने फाइदा बारे छलफल गराउने,<br>▪ साइबर सुरक्षा र साइबर आक्रमणको रोकथामका उपायहरु के के हुन? सूची बनाउ । | ▪ एफ एम रेडियो, टेलिभिजनको महत्व बारे लेख,<br>▪ साइबर सुरक्षा र साइबर आक्रमणको रोकथामका उपायहरु के के हुन ? । | ८ |
| जम्मा | | | | | १२८ |

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४



Scanned with CamScanner

गाउँपालिका
पालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

# परिच्छेद ५

## सिकाइ सहजीकरण योजना

### ५.१ स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षण सिकाइ योजना निर्माण

१. सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमताहरू र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ ।

२. एउटै विषयवस्तुबाट सकेसम्म एकभन्दा बढी क्षेत्र अन्तरसम्बन्धित हुने गरी सिकाइको योजना निर्माण गर्नुपर्छ ।

३. सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी विषयक्षेत्रगत अवधारणा तथा सीपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ ।

४. छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ ।

५. सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकताअनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सीपहरू स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता अन्तरवैयक्तिक सीपहरू सञ्चार, सहकार्य, सहानुभूति जस्ता वैयक्तिक सीपहरू विभिन्न किसिमका बहुसाक्षरता सीपहरू र नागरिक दायित्व सम्बन्धी विभिन्न किसिमका नागरिक सीप प्राप्तिलाई सहयोग गर्नुपर्छ ।

६. विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था आदिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गर्नुपर्छ ।

७. विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याँकनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ ।

८. सम्भव भएसम्म कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिएपनि टिममा छलफल गरी शिक्षण योजना तयार गर्नुपर्छ ।

९. कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुनसक्ने प्रबन्ध गर्नुपर्छ ।

### ५.२ प्रयोगात्मक तथा परियोजना कार्यका केही नमुनाहरू

१. शिक्षकको सहयोगमा वडा कार्यालय घुम्न जानुहोस् । वडा कार्यालयको चित्र बनाउनुहोस् र साथीलाई देखाउनुहोस् ।

२. आ-आफ्नो घरबारीमा खेती गरिएका तरकारीका विभिन्न भागहरू (पात, जरा, फुल आदि) संकलन गरी किताबको पत्रमा प्रेस गरी केही दिन राखेर त्यसलाई दह्रो कागजमा टाँस्दै तरकारी पुस्तिका तयार गर्नुहोस् ।



Scanned with CamScanner

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

३. आ-आफ्नो घरबारीमा खेती गरिएका फलफूलका बिभिन्न भागहरू (पात, फल, फूल आदि) संकलन गरी किताबको पत्रमा प्रेस गरी केही दिन राखेर त्यसलाई दह्रो कागजमा टाँस्दै फलफूल पुस्तिका तयार गर्नुहोस् ।

४. आ-आफ्नो घरबारीमा खेती गरिएका खाद्यबालीका बोटहरू हेरेर त्यसको चित्र कोर्न भन्नुहोस् । कोरेका चित्र र सो खाद्यबालीका बारेमा बताउन लगाउनुहोस् ।

५. वरपरको पाटीपौवा, हाट, मठमन्दिर, जात्रा, मेला, गुम्बा लगायतको फोटो खिचेर ल्याउनुहोस् र साथीहरूलाई देखाउँदै त्यसको बारेमा आफूले जानेको कुरा बताउनुहोस् ।

६. आफ्नो घरमा विभिन्न समयमा मनाइने संस्कारका सम्बन्धमा आफ्नो अभिभावकसँग सोध्नुहोस् र कक्षाकोठामा सबैलाई बताउनुहोस् ।

७. शिक्षकको सहयोगमा नजिकको वडा कार्यालयको स्थलगत भ्रमण गर्नुहोस् र निम्नानुसार तालिका भर्नुहोस् ।

| गाउँपालिकाको नाम | वडा नम्बर | वडा अध्यक्षको नाम | वडा भवन पक्की वा कच्ची | पाइने सेवाहरु | कति अवधिका लागि बनेको |
|---|---|---|---|---|---|
| | | | | | |

८. गाउँपालिका कार्यालयको चित्र बनाउनुहोस् र साथीहरूलाई देखाउनुहोस् ।

९. घरमा अभिभावकहरूले वडा कार्यालयबाट के के सेवा लिनुभएको छ संकलन गर्ने र कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. अभिभावकसँग सोधेर बिश्रामपुर गाउँपालिकाको नाम कसरी रहन गयो सोध्नुहोस् र कक्षामा बताउनुहोस् ।

११. शिक्षकको सहयोगमा नजिकको वडा कार्यालय जानुहोस् र पदाधिकारीहरुका सम्बन्धमा निम्न जानकारी संकलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

| गाउँपालिकाको नाम | वडा अध्यक्षको नाम | वडा नं. | मुख्य सेवाहरु | सेवाप्रति जनताको राय |
|---|---|---|---|---|
| | | | | |

१२. आफ्ना टोलका साथीहरुसँग समूह बनाई नजिकको खोला सम्बन्धी निम्नानुसार जानकारी संकलन गर्नुहोस् । जानकारी लिनका लागि आफ्नो अभिभावक तथा छिमेकीहरुको सहयोग लिनुहोस् ।

| खोला, पोखरी, नदी, झरना, ताल आदिको नाम | स्थान | यसको लम्बाई उचाई गहिराइ | यसको अवस्था | उत्पत्ति स्थान |
|---|---|---|---|---|
| ........खोला | | | | |
| | | | | |

१३. आफ्नो घरबारीमा लगाइएको फलफूल खेतीमा आफूले गरेको सहयोग बारे जानकारी तलको तालिकामा तयार गर्नुहोस् ।

| फलफूल खेतीको नाम | सहयोग गरेको मिति | के सहयोग गरेको ? |
|---|---|---|
| | | |



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

१४. आफ्नो घर छिमेकमा भएको उद्योग हेरेर तथा अभिभावक र छिमेकीलाई सोधेर तलको तालिका भर्नुहोस् ।

| उद्योगको नाम | उद्योग चलाउने व्यक्ति | उत्पादन गर्ने वस्तु |
|---|---|---|
| | | |

१५. आफ्नो घर छिमेकमा भएको परम्परागत प्रविधिहरुको खोजी गरी त्यसको नाम र उपयोग समेटेर प्रतिवेदन तयार गर्नुहोस् ।

***नोट : अन्य विषयक्षेत्रहरुमा पनि यसैगरी परियोजना कार्य शिक्षकले तयार पार्नुहोस् ।***

## ५.३ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया :

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बालमनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुशरण गरिने भएकाले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी आदिलाई विचार गर्नुपर्दछ । आधारभूत शिक्षा अन्तर्गत कक्षा १-८ को यस स्थानीय पाठ्यक्रम समग्रमा स्थानीय विषयक्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । फेरि यस स्थानीय पाठ्यक्रममा बिश्रामपुर गाउँपालिकाको परिचय, तरकारी तथा फलफूल खेती, पशुपालन व्यवसाय, बिश्रामपुर गाउँपालिका क्षेत्रको कला, संस्कृति र रीतिरिवाज, पर्यटन, जडिबुटी, पुरातात्विक सम्पदाको परिचय र नागरिक चेतना (ट्राफिक नियम, परम्परागत स्थानीय प्रविधि र आधुनिक प्रविधि) जस्ता थिमहरू एकीकृत गरिएको हुनाले पनि प्रचलित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा सुधार आवश्यक छ । विभिन्न विषयगत थिमहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक थिमहरूबिचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी सङ्गठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ । यसका लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनुपर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ । सिकाइका



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यवहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले विभिन्न क्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले स्वगतिमा सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषयक्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ । प्रारम्भिक कक्षाहरूमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

यो पाठ्यक्रमले बिश्रामपुर गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक अवस्था र सम्भावनाहरूसँग जोडिएका विषयवस्तु समेटेको छ । पाठ्यक्रमले स्थानीय कृषि, पर्यटन, उद्योग तथा सांस्कतिक पक्षहरूको प्रत्यक्ष अनुभव मार्फत् ज्ञान, सीप र मूल्यको विकास गर्ने उद्देश्य लिएकाले सिकाइका लागि विद्यार्थीहरूलाई स्थलगत अवलोकन भ्रमण, प्रत्यक्ष अनुभव तथा अवलोकन र क्रियाकलापहरूमा सहभागिता गराउने कुरामा जोड दिनुपर्छ । तसर्थ यस विषयको शिक्षण गर्दा विषयवस्तुको प्रकृति अनुसार अवलोकन, प्रयोगात्मक कार्य, फिल्ड कार्य, परियोजना कार्य, प्रदर्शन, खोज, क्षेत्र अन्वेषण, प्रश्नोत्तर लगायतका विधिहरूको प्रयोग गर्नुपर्छ । विद्यार्थीका स्तर, क्षमता, सिक्ने गति लगायतका पक्षहरूलाई मध्यनजर गरी सिकाइका विधिहरू छनोट गर्नुपर्छ । कुनै एक विषयवस्तु सिकाइको निश्चित विधि मात्र उपयुक्त हुने भन्ने हुँदैन । शिक्षण सिकाइका लागि निम्नानुसारका विधि तथा रणनीतिहरू अवलम्बन गर्नुपर्छ :

- स्थलगत अवलोकन भ्रमण र प्रतिवेदन
- सहपाठी तथा समूह छलफल
- गीत, खेल, कथा, सिर्जनात्मक कार्य
- परियोजना कार्य
- प्रदर्शन र छलफल
- व्याख्यान
- नमुना अभ्यास
- भूमिका अभिनय

## ५.४ सिकाइ सहजीकरण प्रक्रियाका लागि केही मार्गदर्शन

कक्षा १-८ सम्मको सिकाइ सहजीकरण प्रक्रिया देहाय बमोजिम सञ्चालन गर्दा उपयुक्त हुन्छ :

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नुपर्ने छ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन मार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनुपर्ने छ । यसका अतिरिक्त अवलोकन, समूहकार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनुपर्ने छ ।

श्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
प्रदेश, नेपाल

- सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।
- विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नुपर्ने छ ।
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।
- भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ ।
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याँकन, शिक्षक-शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ ।
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादाँतम्य कायम गर्नुपर्ने छ ।
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग (परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नुपर्ने छ ।
- सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नुपर्ने छ ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।
- शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याँकनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनुपर्ने छ ।
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आवद्ध गर्दै व्यवहारकुशल सीप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनुपर्ने छ ।



Scanned with CamScanner

- स्थानीय पाठ्यक्रमले सिकाइका लागि सरलबाट जटिलतिरको स्पष्ट मार्ग निर्धारण गर्छ । सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै जान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति बमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ ।

विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गरिनु आवश्यक छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यवहारिक र सिकारु अनुकूल बनाउनका लागि विविध शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेश अनुसार भिन्न भिन्न ढंगले व्यवस्थापन गर्न सकिन्छ । सिकाइ प्रक्रियामा एकातिर आधुनिक शैक्षणिक प्रविधिको प्रयोग अत्यावश्यक हुन्छ भने अर्कातर्फ विद्यार्थी अनुकूलको शिक्षण प्रक्रिया सञ्चालन गर्न स्थानीय परिवेश अनुकूलका विधि तथा प्रविधिको प्रयोग पनि आवश्यक हुन्छ । त्यस्तै स्थानीय वातावरण, विद्यार्थीको रुचि, क्षमता, स्तर र आवश्यकताले पनि सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने गर्दछ । शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भएपनि ती विधि तथा प्रक्रियालाई व्यवहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

# परिच्छेद ६

## मुल्याँकन

### ६.१ विद्यार्थी मूल्याँकन

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याँकन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याँकनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याँकनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याँकनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याँकनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ । कक्षाकोठामा आधारित यस्तो मूल्याँकनको अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याँकनका रूपमा अर्थात् विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याँकनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याँकन पद्धतिलाई निरन्तर मूल्याँकन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याँकनको मुख्य उद्देश्य सिकाइ सुधार गर्न निर्माणात्मक हुने भएपनि आवश्यकतानुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ । आधारभूत तहको कक्षा १–३ को एकीकृत संरचनाको पाठ्यक्रम अनुसार चारओटा विषयक्षेत्रहरु : नेपाली भाषा, गणित, हाम्रो सेरोफेरो र अङ्ग्रेजी भाषामा विद्यार्थीको मूल्याँकनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिनेछ । त्यसैगरी यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याँकन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण साधन समेत समावेश गरिएको छ । यसैका आधारमा मातृभाषा तथा स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याँकनका लागि आवश्यक साधन तथा प्रक्रिया विकास गरी अभिलेखीकरण गर्न सकिने हुन्छ । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए भएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याँकन अवलम्वन गरिने छ ।

#### ६.१.१ सिकाइका लागि मूल्याँकन

कक्षाकोठामा गरिने मूल्याँकनले सिकाइ सहजीकरण प्रक्रिया अर्थात् शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्दछ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याँकनले विद्यार्थीको सिकाइको वर्तमान अवस्था पत्ता लगाई सुधारका लागि मार्ग पहिचान गर्न सहयोग गर्नुका साथै अपेक्षित सिकाइ गर्ने विद्यार्थीका लागि अग्रिम सिकाइका लागि निर्देशित पनि गर्दछ । कक्षाकोठामा गरिने यस्तो मूल्याँकनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याँकनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याँकन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याँकनका रूपमा प्रयोग गरिनुपर्दछ । अर्का शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याँकन निर्माणात्मक प्रकृतिको हुनु पर्दछ । निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याँकनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ। विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ। यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याँकन गरिन्छ। कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याँकनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ। यस्तो मूल्याँकनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ। पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइ पश्चात् गरिएको मूल्याँकनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ। कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याँकनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुनेछ।

### ६.१.२ मूल्याँकन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याँकनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याँकन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ। कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ, तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुदैन। विद्यार्थीको मूल्याँकनमा यथाशक्य वास्तविक कार्य (Authentic Task) समावेश गर्नु उपयुक्त हुनेछ। कक्षा १-३ मा विद्यार्थी मूल्याँकनको प्रक्रिया सामान्यतया निम्नानुसार हुनेछ :

क) मूल्याँकनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ।

ख) सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याँकन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ।



Scanned with CamScanner

ग) दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ।

घ) विद्यार्थीको सिकाइ स्तरको मूल्यांकन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ।

ङ) विद्यार्थीको सिकाइको मूल्यांकनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्यांकन र सिर्जना लगायतका उच्च क्षमता परीक्षण गर्नका लागि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ।

च) मूल्यांकनका क्रममा आवश्यक व्यवहारकुशल सीप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ।

छ) मूल्यांकन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ। पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ।

ज) मूल्यांकनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धि अनुसार अभिलेखीकरण गर्नुपर्छ। विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्यांकनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ।

झ) मूल्यांकन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

ञ) विद्यार्थीलाई स्वमूल्यांकन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

### ६.१.३ मूल्यांकनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी संख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्यांकनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्यांकनका साधनहरूले सिकाइ उपलब्धि अनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ। मूल्यांकनका साधनहरूको अर्को गुण भनेको फरक-फरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ। मूल्यांकन साधनहरूको अर्को महत्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो। यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ। पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो।

मूल्यांकनका विभिन्न तरिका तथा साधनहरू हुन्छन्। के कस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ। त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने भएकाले मूल्यांकनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ। यसको थप



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

ेक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका ार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै ार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ।

ार्थीको सिकाइ स्तरको मूल्याँकन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित काइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ।

ार्थीको सिकाइको मूल्याँकनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा वश्यकतानुसार विश्लेषण, मूल्याँकन र सिर्जना लगायतका उच्च क्षमता परीक्षण गर्नका गि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ।

्याँकनका क्रममा आवश्यक व्यवहारकुशल सीप प्राप्तिमा विद्यार्थीले हासिल गरेका क्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ।

्याँकन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण काइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ।

कपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल ं नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ।

्याँकनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धि अनुसार अभिलेखीकरण गर्नुपर्छ।

ार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याँकनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण हेतको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ।

्याँकन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको जना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, ार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ।

ार्थीलाई स्वमूल्याँकन तथा प्रतिबिम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय हचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ।

## ्याँकनका तरिका र साधन

रेने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत , कक्षामा भएका विद्यार्थी संख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर ा तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याँकनका साधनहरूले सिकाइ नुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू । मूल्याँकनका साधनहरूको अर्को गुण भनेको फरक-फरक स्थान तथा व्यक्तिले परीक्षण ामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ। मूल्याँकन साधनहरूको पूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो। यहाँ विविधतालाई मूलतः दुई रूपमा छ। पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु ो एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि नकता अनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो।

ा विभिन्न तरिका तथा साधनहरू हुन्छन्। के कस्ता तरिका तथा साधनहरू प्रभावकारी ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख को छ। त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने ूल्याँकनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ। यसको थप



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याँकन गर्नुपर्ने हुन्छ ।

विद्यार्थी मूल्याँकनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याँकन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

## ६.२ निर्माणात्मक मूल्याँकन

निर्माणात्मक/सुधारात्मक मूल्याँकन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिनेछ । निर्माणात्मक/सुधारात्मक मूल्याँकन मूलतः शिक्षकले कक्षाकोठामा शिक्षण सिकाइकै क्रममा गर्नुपर्छ । यसको मुख्य उद्देश्य भनेको विद्यार्थीका कमीकमजोरी समयमै पत्ता लगाई त्यसको सुधार वा निराकरण गर्नु हो । अर्थात् यसको मुख्य उद्देश्य विद्यार्थीको सिकाइमा सुधार ल्याउनु हो । त्यसैले यसमा उत्तीर्ण, अनुत्तीर्ण वा श्रेणी आदि छुट्याइ रहनुपर्दैन ।

### ६.२.१ निर्माणात्मक मूल्याँकनका साधनहरू र प्रयोग

निर्माणात्मक मूल्याँकनमा विद्यार्थीको मूल्याँकनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याँकनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्यको अवलोकन, व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याँकन लगायतका साधन तथा विधिहरूको प्रयोग गर्न सकिन्छ ।

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स र श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याँकन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | विज्ञान प्रक्रियागत सीपहरूको मूल्याँकन, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने वैज्ञानिक अभिव्यक्ति, व्यवहारकुशल सीपको मापन गर्न रुजुसूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सीपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षक नोटमा व्यक्तिगत रूपमा अभिलेख राख्नु पर्छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षाका अभिलेख राख्नुपर्छ । |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसमा समावेश हुन्छन् । यसलाई अभिलेखीकरण गर्नुपर्ने भएमा शिक्षक अभिलेखमा उल्लेख गर्नुपर्ने हुन्छ । |



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

### ६.२.२ आन्तरिक मूल्याँकन

उल्लिखित तरिका तथा साधन प्रयोग गरी विद्यार्थीको सिकाइको नियमित मूल्याँकन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु पर्दछ भने यस्तो मूल्याँकनको अभिलेख व्यवस्थित गरी विद्यार्थीको सिकाइ स्तर निर्धारणमा पनि यसको नतिजालाई प्रयोग गर्न सकिन्छ । निर्माणात्मक मूल्याँकनको अङ्को निश्चित भार आन्तरिक मूल्याँकनका रूपमा समावेश गरिनेछ । यसका लागि निर्माणात्मक मूल्याँकनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो निर्माणात्मक मूल्याँकनको नतिजामध्ये तपसील बमोजिमको अङ्क भार आन्तरिक मूल्याँकनका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ स्तर निर्धारण गरिन्छ ।

**कक्षा १-३**

| सि.नं. | मूल्याँकनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : उपस्थिति र नियमित मूल्याँकनबाट कक्षा सिकाइ कार्यमा विद्यार्थीको कार्यसम्पादन र सहभागिता | ३० |
| २ | प्रयोगात्मक/परियोजना कार्य | २० |
| ३ | मौखिक वा लिखित परीक्षाहरू | ५० |
| | जम्मा | १०० |

नोट : मौखिक वा लिखित परीक्षा भन्नाले शिक्षणको क्रममा लिइने कक्षा परीक्षा वा एकाइ परीक्षा बुझ्नु पर्छ । यसले त्रैमासिक परीक्षालाई समेत बुझाउँछ । तर कक्षा कक्षा १-३ सम्म त्रैमासिक परीक्षा लिन अनिवार्य भने गरिएको छैन ।

**कक्षा ४-८**

| सि.नं. | मूल्याँकनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : उपस्थिति र नियमित मूल्याँकनबाट कक्षा सिकाइ कार्यमा विद्यार्थीको कार्यसम्पादन र सहभागिता | १० |
| २ | प्रयोगात्मक/परियोजना कार्य | २० |
| ३ | मौखिक वा लिखित परीक्षाहरू | २० |
| | जम्मा | ५० |

### ६.२.३ अन्तिम परीक्षा

कक्षा १-३ पूर्ण रूपमा आन्तरिक मूल्याँकनका आधारमा निर्णयात्मक मूल्याँकन गरिनेछ भने कक्षा ४ देखी ८ मा आन्तरिक मूल्याँकनको भार ५० प्रतिशत र अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याँकन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र गाउँपालिकाले तय गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्दछ :



Scanned with CamScanner

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल
२०७४

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको ब्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० देखि ४५ भन्दा बढी | D | कमजोर |
| ४५ देखि ६० भन्दा कम | C | सामान्य |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो |
| ७५ देखि ९० भन्दा कम | A | उच्च |
| ९० भन्दा बढी | A+ | उत्कृष्ट |

## ६.२.४ विशिष्टीकरण तालिका

(कक्षा ४ र ५ को लागि)

| क्षेत्र | ज्ञान | बोध | प्रयोग | उच्च दक्षता | कुल अंक |
|---|---|---|---|---|---|
| | अंक भार | | | | |
| १. हाम्रो बिश्रामपुर गाउँपालिका | ५ | ३ | ३ | २ | १३ |
| २. पालिकाको सम्पदा, कला संस्कृति र रीतिरिवाज | | | | | |
| ३. तरकारी तथा फलफूल खेती | ८ | ६ | ४ | ४ | २२ |
| ४. पशुपालन व्यवसाय | | | | | |
| ५. यातायात, भौतिक पूर्वाधार र ट्राफिक नियम | | | | | |
| ६. स्थानीय प्रविधि र विकास | | | | | |
| ७. स्थानीय प्रकोप र स्वास्थ्य चेतना | ६ | ४ | ३ | २ | १५ |
| ८. जडिबुटी, योग र उपचार पद्यती | | | | | |
| जम्मा | १९ | १३ | १० | ८ | ५० |

## ६.२.५ विशिष्टीकरण तालिका

(कक्षा ६ देखी ८ को लागि)

| क्षेत्र | घण्टा कार्य | संज्ञानात्मक तह | | | | कुल अंक |
|---|---|---|---|---|---|---|
| | | ज्ञान | बोध | प्रयोग | उच्च दक्षता | |
| बिश्रामपुर गाउँपालिकाको परिचय | २० | ४ | ५ | ४ | ४ | ६ |
| स्थानीय सम्पदा, कला संस्कृति र रीतिरिवाज | २० | | | | | ६ |
| तरकारी, खाद्यबाली तथा फलफूल खेती | २० | | | | | ६ |
| पशुपंक्षी पालन व्यवसाय, वृति मार्गदर्शन | १० | ५ | ८ | ७ | ४ | ५ |
| यातायात, भौतिक पूर्वाधार र ट्राफिक नियम | १० | | | | | ९ |
| स्थानीय प्रविधि र विकास | २० | | | | | ५ |
| प्राकृतिक प्रकोप, स्वास्थ्य सम्बन्धी चेतना | १० | | | | | ५ |
| स्थानीय जडिबुटी तथा उपचार पद्यती | १० | ३ | २ | २ | २ | ४ |
| गाउँपालिका क्षेत्रमा उपलब्ध आधुनिक सुचना प्रविधि र संचार | ८ | | | | | ४ |
| जम्मा | १२८ | १२ | १५ | १३ | १० | ५० |

**समाप्त**



Scanned with CamScanner